बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# जनस्वास्थ्य कार्यालय, मकवानपुर

# प्रकोप तथा महामारी निगरानी मासिक बुलेटिन

आर्थिक वर्ष: २०८२/८३ | महिनाः फाल्गुन | प्रकाशित मितिः २०८२/१२/०४

## मुख्य झलकहरु

- फाल्गुन महिनामा डेंगीका केस जम्मा १२ जना, SARI ४१ जना, AGE ६८ जना प्रतिवेदन भएको छ। यो महिनामा स्क्रब टाइउसको केस ३ जनामा र कालाजार केस एक जनामा पाइयो। प्रतिवेदन भएका महामारीजन्य रोगहरूको मध्ये मृत्युको रेकर्ड भएको छैन।




## महामारीजन्य रोगहरुको अवस्था

### १. डेंगी (Dengue)




*(श्रोतः डेंगु दैनिक अपडेट, जनस्वास्थ्य कार्यालय, मकवानपुर, तथ्याङ्क लिएको मितिः २०८२/१२/०३)*

- आ.व. २०८२-८३ को फाल्गुन माहिनामा यस जिल्लामा डेंगीका १२ वटा केसहरु प्रतिवेदन भएका छन्। माघ माहिनामा केस संङ्ख्या केहि बढे पनि फाल्गुनमा पुनः घटेको देखिन्छ।

## २. स्क्रब टाइफस




*(श्रोतः स्क्रब टाइफस दैनिक अपडेट, जनस्वास्थ्य कार्यालय, मकवानपुर, तथ्याङ्क लिएको मितिः २०८२/१२/०३)*

माघ महिनामा यस जिल्लामा स्क्रब टाइफसका ३ जनामा केस रिपोर्ट भएका छन्। यो संख्या अघिल्लो महिनाको तुलनामा घटेको भएता पनि संक्रमण जोखिम बढेको देखिन्छ।

## ३. Severe Acute Respiratory Infection (SARI)




*(श्रोतः EWARS, तथ्याङ्क लिएको मितिः २०८२/१२/०३)*

- आर्थिक वर्षमा SARI को मासिक प्रतिवेदन अनुसार फेब्रुवरी माहिनामा ४५ वटा र मार्च महिनामा १२ वटा केस रिपोर्ट भएका छन्। जाडो महिनामा केस संख्या बढी देखिए पनि मौसम परिवर्तन भई गर्मी मौसमको आगमन सँगै केसहरू घट्दै गएको देखिन्छ ।

## ४. Acute Gastroenteritis (AGE)




*(श्रोत: EWARS, तथ्याङ्क लिएको मितिः २०८२/१२/०३)*

- आर्थिक वर्षमा AGE को मासिक प्रतिवेदन अनुसार फेब्रुवरी माहिनामा ५३ वटा र मार्च महिनामा २८ वटा केस रिपोर्ट भएका छन्। अघिल्लो महिनाको तुलानामा AGE को केसहरु घट्दै गएको देखिन्छ। बर्खा सकिँदै जाँदा पानीजन्य रोगको जोखिम घट्ने भएकाले केसहरू कम भएका हुन सक्छन्। तर वातावरण र सरसफाइको अवस्थाले फेरि असर गर्न सक्ने भएकाले नियमित रूपमा निगरानी राखु आवश्यक हुन्छ।

## रोगअनुसारको तुलनात्मक विवरण (माघ माहिना)

| रोगको नाम | माघ , २०८२ (अघिल्लो महिनामा) | फाल्गुन, २०८२ (यस महिनामा) | केसको संख्यामा भिन्नता |
|---|---|---|---|
| डेङ्गी | १६ | १२ | ४ ▪ |
| स्क्रब टाइफस | ० | ३ | ३ ▪ |
| SARI | २५ | ४१ | १६ ▪ |
| AGE | १७ | ६८ | ५१ ▪ |
| कालाजार | ० | १ | १ ▪ |

*(श्रोतः डेंगु तथा स्क्रब टाइफसको दैनिक अपडेट, EWARS, तथ्याङ्क लिएको मितिः २०८२/१२/०३)*

## निगरानी तथा व्यवस्थापन सम्बन्धी गरिएका पहलहरू

**डेंगी**
- खोज र नष्ट कार्यक्रम
- स्थानीय पत्राचारद्वारा जनचेतना सुचना संदेश प्रसारण

**स्क्रब टाईफस**
- स्थानीय पत्राचारद्वारा जनचेतना सुचना संदेश प्रसारण

**SARI र AGE**
- उपचार व्यवस्थापन
- जनचेतना मुलक कार्याक्रम

**कालाजार**
- केसमा आधारित निगरानी
- उपचार व्यवस्थापन